प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७५/७६ – ११
चलानी नं. : २५८

CDS and Clearing Ltd.

मिति : २०७५।०७।२५

श्री सम्पूर्ण निक्षेप सदस्य र शेयररष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरु,

**विषय : घरायसी नामसारी, मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारन्तरण प्रक्रिया सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस लि. ले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) मा भएको व्यवस्था बमोजिम सम्पूर्ण निक्षेप सदस्य, शेयर रजिष्ट्रार तथा लगानीकर्ताहरुको सहजताका लागि यस लि. ले धितोपत्रको घरायसी नामसारी, मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारन्तरणको प्रक्रिया २०७५ तयार गरेको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

.............................

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com

## धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) बमोजिम घरायसी नामसारी, मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारन्तरणको प्रक्रिया

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) बमोजिम धितोपत्रको घरायसी नामसारी, मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारन्तरणको प्रक्रिया देहाय बमोजिम रहेको छ ।

### परिच्छेद - १

### प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस प्रक्रियाको नाम **"घरायसी नामसारी मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारन्तरण सम्बन्धी प्रक्रिया, २०७५"** रहेको छ ।

(२) यो प्रक्रिया सिडिएससिले पत्राचार गरी जानकारी गराएपश्चात् तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नेप्से" भन्नाले धितोपत्र बजार संचालन गर्न ऐन बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमतिपत्र प्राप्त कम्पनी नेपाल स्टक एक्सचेन्ज् लि. लाई सम्झनु पर्छ ।

(ख) "सिडिएससि" भन्नाले धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावलीको नियम ७ बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनुपर्छ ।

(ग) "प्रणाली" भन्नाले धितोपत्रको अभौतिकीकरण गर्ने, अभौतिक धितोपत्रहरुको निक्षेप गर्नुका साथै सो सँग सम्बन्धित लेखाजोखा राख्ने सिडिएससिको विद्युतीय प्रणाली सम्झनु पर्छ ।

(घ) "अंशबण्डा" भन्नाले एकाघर परिवारका सदस्यहरु बीच एक आपसमा भएको धितोपत्रको बाँडफाँड भन्ने सम्झनु पर्छ ।

(ङ) "घरायसी नामसारी" भन्नाले एकाघर परिवारका सदस्यहरु मध्ये कुनै पनि सदस्यको नाममा रहेको धितोपत्र अन्य सदस्यको नाममा गरिने नामसारी सम्झनु पर्छ ।

(च) "मृत्यु नामसारी" भन्नाले धितोपत्रको हकवालाको मृत्यु भएमा एकाघर परिवारका हकवाला व्यक्तिको नाममा गरिने धितोपत्रको नामसारीलाई सम्झनु पर्छ ।

(छ) "एकाघर परिवार" भन्नाले प्रचलित कानून बमोजिम एकाघर परिवार सदस्य भनी तोकिएको सदस्य सम्झनु पर्छ ।

(ज) "हकवालाको मञ्जुरीनामा" भन्नाले धितोपत्रको हकवालाले धितोपत्र हस्तान्तरण गर्नका लागि गरेको मञ्जुरीनामा सम्झनु पर्छ ।

CDS
and
Clearing Ltd.

## परिच्छेद - २

## घरायसी नामसारी, मृत्यु नामसारी र अंशबण्डाबाट प्राप्त धितोपत्र हस्तारन्तरणको प्रक्रिया

३. **नामसारी तथा हस्तान्तरणको प्रक्रिया :** (१) धितोपत्र बजारमा सूचीकृत नभएका वा धितोपत्र बजारको कारोबार पद्दति बाहिर कारोबार गर्न स्वीकृती प्राप्त धितोपत्रको कारोबार भएमा त्यस्तो धितोपत्रको हस्तान्तरणका लागि सम्बन्धित धितोपत्र व्यवसायी वा हितग्राहीले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसुची-२४ को ढाँचामा निक्षेप सदस्य समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपप्रक्रिया (१) बमोजिमको निवेदनमा देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

(क) दुवै पक्ष बीच खरिद बिक्री भएको तथा लेनदेन भएका पुष्टाईं गर्ने कागजात,

(ख) माग गरिएको अन्य आवश्यक कागजातहरु ।

(३) उपप्रक्रिया (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निक्षेप सदस्यले धितोपत्र हस्तान्तरणको व्यवस्था गर्नेछ ।

(४) धितोपत्रको घरायसी हस्तान्तरण, अंशबण्डाबाट प्राप्त धितोपत्र तथा धितोपत्र धनीको मृत्यू पश्चात् हकवालामा धितोपत्र हस्तान्तरण गर्नका लागि धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(ख) मा उल्लेखित शुल्क सहित सम्बन्धित पक्षले देहाय बमोजिम निवेदन दिनुपर्नेछ :

(क) एकाघरका तीन पुस्ता भित्रको सदस्यको नाममा धितोपत्रको घरायसी हस्तान्तरण गर्न चाहेमा त्यस्तो धितोपत्रधनीले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(ख) बमोजिमको फारम भरी धितोपत्र नामसारी गरिदिन चाहेको व्यक्तिको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तान्तरणका लागि त्यस्तो धितोपत्र पाउनेले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(ख) बमोजिमको फारम भरी धितोपत्र रहेको खाताको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(ग) धितोपत्र धनीको मृत्यु पश्चात् सम्बन्धित हकवालाले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(ग) बमोजिमको फारम भरी मृत्यु भएको धितोपत्रधनीको नाममा रहेको धितोपत्रको हितग्राही खाताको विवरण तथा आफूले पाउने धितोपत्रको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र धनीको मृत्यु पश्चात् सम्बन्धित हकवालाले हस्तान्तरण गरिलिने धितोपत्र भौतिक रुपमा रहेको भएमा प्रत्येक सूचीकृत संस्थाको धितोपत्रको हस्तान्तरणका लागि धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(घ) बमोजिमको फारम भरी मृत्युभएको धितोपत्रधनीको नाममा रहेको धितोपत्रको प्रमाणपत्र सहित हकवालाको हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।



CDS and Clearing Ltd.

(५) उपप्रक्रिया (४) बमोजिमको निवेदनकासाथ देहायको विवरण तथा कागजात समेत संलग्न गर्नुपर्नेछ,

(क) अंशबंडाबाट प्राप्त धितोपत्रको हस्तान्तरणको लागि देहाय अनुसारका कागजातहरु २/२ प्रति पेश गर्नु पर्नेछ (दुई प्रति मध्ये एक प्रति निक्षेप सदस्यले राख्ने र एक सिडिएससिमा पेश गर्नु पर्नेछ) :

१. लिने दिनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. मालपोत कार्यालयबाट पास भएको लिखित प्रमाणित प्रतिलिपि,

३. माग गरिएको अन्य आवश्यक प्रमाणित कागजात ।

(ख) मृत्यु पश्चात् धितोपत्र नामसारी गर्नको लागि देहाय बमोजिमका कागजातहरु २/२ प्रति (भौतिक धितोपत्रको हकमा ३/३ प्रति) पेश गर्नु पर्नेछ (एक प्रति निक्षेप सदस्यले राख्ने र एक सिडिएससिमा पेश गर्नु पर्नेछ भने भौतिक धितोपत्रको हकमा एक प्रति निक्षेप सदस्यलाई, एक प्रति शेयर रजिष्ट्रारलाई र एक प्रति सिडिएससिमा पेश गर्नु पर्नेछ) :

१. मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२. मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,

३. हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४. नाता प्रमाणित प्रमाणपत्र तथा उल्लिखित सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि,

५. अन्य हकवालाको मन्जुरीनामा ।

(ग) एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी गर्नको लागि देहाय बमोजिमका कागजातहरु २/२ प्रति पेश गर्नु पर्नेछ । (एक प्रति निक्षेप सदस्यले राख्ने र एक प्रति सिडिएससिमा पेश गर्नु पर्नेछ) :

१. शेयर नामसारी गरी लिने तथा शेयर नामसारी गरी दिने दुवैको निवेदन,

२. ३ (तीन) पुस्ता भित्रको परिवार देखिने कागजात,

३. शेयर लिने तथा दिने दुबैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

४. शेयरको सक्कल प्रमाणपत्र,

५. शेयर लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि,

(६) उपप्रक्रिया (४) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित निक्षेप सदस्यले त्यस्तो निवेदन तथा संलग्न कागजातहरु रुजु गरी सिडिएससिको प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(७) उपप्रक्रिया (६) बमोजिम निक्षेप सदस्यले प्रणालीमा प्रविष्टि गरे पश्चात् प्रणालीबाट उपलब्ध हुने विवरण सहित निवेदन तथा संलग्न सम्पूर्ण कागजात आवश्यक कारवाहीका लागि सिडिएससिमा पेश गर्नु पर्नेछ ।

CDS and Clearing Ltd

(८) उपप्रक्रिया (७) बमोजिम निक्षेप सदस्यबाट प्राप्त हुन आएको निवेदन तथा कागजातको आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सिडिएससिले निवेदन बमोजिम धितोपत्रको हस्तान्तरण गरि दिनु पर्नेछ ।

(९) यस प्रक्रियामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि अन्य कसैको हकदावी भए त्यस्तो दावी गर्न आउनका लागि सिडिएससिको वेब साईटमा पैंतीस दिनको म्याद दिई सूचना प्रकाशित गरेर मात्र हस्तान्तरण सम्बन्धी कार्य गर्नु पर्नेछ । पैंतीस दिनको सूचना प्रकाशनका लागि प्रत्येक शेयर रजिष्ट्रार र निक्षेप सदस्यलाई सिडिएससिको वेब साईटमा Login प्रदान गरिनेछ । Upload भएका सूचनाहरु सिडिएससिको वेब साईटको Investor Section को Death Notice Sub-Section मा गएर हेर्न मिल्नेछ । उक्त सूचना सिडिएससिको वेब साईटमा ३५ दिन सम्म देखिने छ ।

(१०) उपप्रक्रिया (४) को खण्ड (घ) बमोजिमको भौतिक धितोपत्रको हस्तान्तरण भएमा सिडिएससिले हस्तान्तरण प्रमाणित गरी भौतिक धितोपत्रलाई अभौतिक रुपमा निवेदकको खातामा जम्मा गरिदिन सम्बन्धित सूचीकृत संस्था वा त्यस्तो संस्थाको शेयर रजिष्ट्रारमा पठाउनु पर्नेछ ।

(११) यस प्रक्रिया बमोजिम धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरण गर्दा सो धितोपत्रसंग सम्बन्धित बोनश तथा लाभांश लगायतका लाभहरु समेत हकवालाको नाममा हस्तान्तरण हुने व्यवस्था गर्नु पर्नेछ ।

(१२) धितोपत्रधनीको मृत्यु पश्चात् भौतिक धितोपत्रको हस्तान्तरण भएको खण्डमा सर्वप्रथम हकवालामा सर्ने धितोपत्र हस्तान्तरणका लागि अन्य कसैको हकदावीको लागि पैंतीस दिनको सूचना निकाल्नु पर्ने हुँदा निक्षेप सदस्य, शेयर रजिष्ट्रार र सिडिएससिमा निम्न बमोजिम प्रक्रिया गर्नु हुन अनुरोध गरिन्छ :

**(क)** सर्वप्रथम निक्षेप सदस्यकोमा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७५) को अनुसूची-२५(घ) को फारम ३/३ प्रति भरी निक्षेप सदस्यकोमा डिम्याट् प्रविष्टि गराई सिडिएससिमा आवश्यक कागजात तथा हस्तान्तरण प्रमाणित गरी सम्बन्धित सूचीकृत संस्था वा शेयर रजिष्ट्रारकोमा पठाउनु पर्ने छ ।

**(ख)** सम्बन्धित सूचीकृत संस्था वा शेयर रजिष्ट्रारले उक्त निवेदन प्राप्त गरेपश्चात पैंतीस दिनको सूचना प्रकाशित गराई पैंतीस दिनभित्र कुनै पनि हकदावी नआएमा निवेदकको डिम्याट् खातामा उक्त शेयर जम्मा गरिदिनु पर्नेछ ।

CDS and Clearing Ltd

# अनुसूची- २४

**(विनियम ३० सँग सम्बन्धित)**

## निर्देशन पुर्जी

**(धितोपत्र बजार भन्दा बाहिर कारोबार भएका)**

निक्षेप सदस्यको नाम र ठेगाना : ..........................

निक्षेप सदस्य संकेत नं.: ...............

धितोपत्र बोर्डको दर्ता नं.: ....................

बुझाउने ☐ प्राप्त गर्ने ☐ क्रम संख्या :

| | | | |
|---|---|---|---|
| म/हामी अनुरोध गर्दछु/गर्दछौं मेरो/हाम्रो खाताबाट तपशिलमा उल्लेखित विवरण थप/घट गर्न अनुरोध गर्दछु/गर्दछौं । | | | मिति : |
| निक्षेप सदस्य परिचय नं.: | हितग्राही परिचय नं.: | | शेयर धनीको नाम : |

| क्र सं | ISIN | कम्पनीको नाम | संख्या | | निर्देशन नं.: (निक्षेप सदस्यले भर्ने) |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १. | N P | | | | |
| २. | N P | | | | |
| ३. | N P | | | | |
| ४. | N P | | | | |
| ५. | N P | | | | |
| जम्मा प्राप्त निर्देशन (अंकमा) → | | | | | |

| | |
|---|---|
| एउटा हितग्राहीको खाताबाट अर्को हितग्राहीको खातामा हस्तान्तरण भएमा र धितोपत्र बजारको कारोबारसँग सम्बन्धित नभएमा :- | कारोबार हुने मिति |

**-: उचित विवरण भर्नु होला :-**

| निर्देशन पुर्जीको प्रकार | खाता हस्तान्तरण-सिडिएससिसँग सम्बन्धित | |
|---|---|---|
| राफसाफ तथा फर्छ्यौटको विवरण | **हितग्राही - हितग्राही** | **हितग्राही - धितोपत्र दलाल, धितोपत्र दलाल - हितग्राही, धितोपत्र दलाल - धितोपत्र दलाल** |
| धितोपत्र बजारको नाम : | | |
| राफसाफ तथा फर्छ्यौटको प्रकार | | |
| राफसाफ तथा फर्छ्यौट नं.: | | |
| काउन्टर निक्षेप सदस्य नं./राफसाफ सदस्य नं.: | | |
| काउन्टर खाता नं.: | | |
| काउन्टर हितग्राही/धितोपत्र दलालको नाम : | | |
| काउन्टर राफसाफ तथा फर्छ्यौट विवरण | **धितोपत्र दलाल - धितोपत्र दलाल** | |
| धितोपत्र बजारको नाम | | |
| राफसाफ तथा फर्छ्यौटको प्रकार | | |
| राफसाफ तथा फर्छ्यौट नं.: | | |

| पहिलो आधिकारिक दस्तखत | | दोस्रो आधिकारिक दस्तखत | | तेस्रो आधिकारिक दस्तखत | |
|---|---|---|---|---|---|
| | | | | | |
| **निक्षेप सदस्यको कार्यालयले भर्ने** | | | | | |
| आन्तरिक नं.: | | दस्तखत प्रमाणित गर्ने | | कारोबार प्रविष्टी गर्ने | |

# अनुसूची- २५

(विनियम ३० को उपविनियम ४ सँग सम्बन्धित)

**अभौतिकीकरण गरी मृत्यु नामसारीका लागि दिने निवेदनको ढाँचा**

मिति : .......................

श्री .........................

.............................

**विषय : अभौतिकीकरण गरी मृत्यु नामसारी गरिदिने बारे ।**

उपरोक्त विषयमा तपशिल बमोजिमको शेयर श्री .............................................. को मिति ...............मा निधन भएकोले म मृतकको ..................... नाता पर्ने हितग्राही खाता नम्बर ........................ भएको श्री .............................. नाममा उक्त शेयर अभौतिकीकरण गरी मृत्यु नामसारी गरी पाउँ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । पछि फरक पर्ने छैन यदि फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र. सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयरधनीको नाम | शेयरधनी नम्बर | शेयर प्रमाणपत्र नम्बर | क्रम संख्या | | शेयर प्रमाणपत्र संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | | | | | | | |

**निवेदक**

दस्तखत :-

नाम, थर :-

हितग्राही खाता नम्बर :-

ठेगाना :-

फोन/मोबाईल नं.:-

**अभौतिकीकरण गरी मृत्यु नामसारी गर्नको लागि पेश गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) मृतकको नागरिकताको प्रमाणित प्रतिलिपि

(३) हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(४) नाता प्रमाणित रहने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(५) हकवाला एक भन्दा बढी भए संयुक्त मञ्जुरीनामा

(६) शेयरको सक्कल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा डिम्याट् खाताको विवरण

---

**द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**



CDS and Clearing Ltd

अनुसूची-२५(क)
(विनियम ३० को उपविनियम ४ सँग सम्बन्धित)

## धितोपत्र हस्तान्तरण दस्तुर

१. निक्षेप सदस्यले घरायसी हस्तान्तरण वा अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तान्तरणका लागि हस्तान्तरण गरिने धितोपत्रको चुक्ता रकमको दुई प्रतिशत वा न्यूनतम दुईसय रुपैयाँ लिनेछ ।
२. निक्षेप सदस्यले धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि देहाय बमोजिमको शुल्क लिनेछ :

| धितोपत्रको चुक्ता रकम | निक्षेप सदस्यले लिने शुल्क |
|---|---|
| रु.१,००,०००।- सम्म | ०.५% वा न्यूनतम रु.२५।- |
| रु.१,००,०००।- भन्दा माथि रु.५,००,०००।- सम्म | ०.२% वा न्यूनतम रु.५००।- |
| रु.५,००,०००।- भन्दा माथि रु.१०,००,०००।- सम्म | ०.१५% वा न्यूनतम रु.१०००।- |
| रु.१०,००,०००।- भन्दा माथि | ०.१% वा न्यूनतम रु.१५००।- |

३. उपरोक्त बमोजिम निक्षेप सदस्यले लिएको शुल्कको ६० प्रतिशत सिडिएससिलाई बुझाउनु पर्नेछ ।

CDS and Clearing Ltd.

## अनुसूची-२५(ख)
## (विनियम ३० को उपविनियम ४(क) र ४(ख) सँग सम्बन्धित)
## घरायसी/अंशबण्डा हस्तान्तरणका लागि दिने निवेदनको ढाँचा

मिति: ........................

श्री .....................................

............................................

**विषय : घरायसी/अंशबण्डा हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा .......................................... को नाममा रहेको हितग्राही खाता नम्बर ............................................ बाट .................................. नाता पर्ने हितग्राही खाता नम्बर ............................................ भएको श्री ................................................. को नाममा देहाय बमोजिमको धितोपत्र हस्तान्तरण गरिदिनु हुन आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । उक्त धितोपत्रमा मेरो बाहेक अन्य कसैको हक अधिकार नरहेको व्यहोरा प्रमाणित गर्दछु । उक्त व्यहोरामा कुनै फरक परेमा कानून बमोजिम सहुला बुझाउँला ।

| क्र.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**धितोपत्र लिनेको :**

माथि उल्लेख विवरण अनुसारको धितोपत्र दिन चाहने
श्री ........................................
मेरो एकाघरको .............. ... नाता पर्ने कुरा ठिक साँचो हो । उक्त धितोपत्र लिने इच्छा भएकोले मेरा नाममा नामसारी गरी पाउँ ।
दस्तखत :
नाम :
बाबुको नाम :
बाजे/पतिको नाम :
ठेगाना :
फोन नं. :

निक्षेप सदस्यको आधिकारीक व्यक्तिको
नाम :-
हस्ताक्षर :-
कम्पनीको छाप :-

**धितोपत्र दिनेको (घरायसी हस्तान्तरण भएमा मात्र) :**

दस्तखत :
नाम :
बाबुको नाम :
बाजे/पतिको नाम :
ठेगाना :
फोन न :

औंठाको छाप
दायाँ बायाँ

**घरायसी हस्तान्तरणका लागि पेश गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) धितोपत्र नामसारी गरी लिने तथा धितोपत्र नामसारी गरी दिने दुवैको निवेदन ।
(२) धितोपत्र लिने तथा दिने दुबैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
(३) धितोपत्र लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि ।

द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।

CDS and Clearing Ltd

## अनुसूची-२५(ग)
## (विनियम ३० को उपविनियम ४(ग) सँग सम्बन्धित)
## मृत्यु पश्चात् धितोपत्र हस्तान्तरणका लागि दिने निवेदनको ढाँचा

मितिः ........................

श्री ........................................

..............................................

**विषय : मृत्यु पश्चात् धितोपत्र हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा हितग्राही खाता नम्बर .................................. भएका श्री ......................................... को मिति ........................................ मा निधन भएकोले म हकवाला मृतकको ............................ नाता पर्ने श्री ......................................... को नाममा रहेको हितग्राही खाता नम्बर ................................................ मा उक्त धितोपत्र हस्तान्तरण गरी पाँउ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । पछि फरक पर्ने छैन । यदि फरक परेमा कानून बमोजिम सहुला बुझाउँला ।

| क.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | धितोपत्र कित्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**निवेदक :**

दस्तखत :-
नाम, थर :-
हितग्राही खाता नम्बर :-
ठेगाना :-
फोन/मोबाईल नं. :-

निक्षेप सदस्यको आधिकारीक व्यक्तिको
नाम :-
हस्ताक्षर :-
कम्पनीको छाप :-

**संलग्न गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**
(१) मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(२) मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,
(३) हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(४) नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि,
(५) अन्य हकवालाको मन्जुरीनामा,
(६) अन्य आवश्यक कागजात ।

---

द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।

CDS and Clearing Ltd

# अनुसूची-२५(घ)
## (विनियम ३० को उपविनियम ४(घ) सँग सम्बन्धित)
## (भौतिक धितोपत्रको हकमा)

मितिः ......................

श्री ....................................

..........................................

**विषय : मृत्यु पश्चात् धितोपत्र हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा ................................ ठेगाना भएको श्री ................................ को मिति ................................... मा निधन भएकोले निजको नाममा कायम रहेको ............................................... कम्पनीको देहाय बमोजिमको धितोपत्र म हकवाला मृतकको ..................................... नाता पर्ने श्री ............................................ को नममा रहेको हितग्राही खाता नम्बर ................................ मा हस्तान्तरण गरी पाँउ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । पछि फरक पर्ने छैन । यदि फरक परेमा कानून बमोजिम सहुला बुझाउँला ।

| क.सं. | धितोपत्र प्रमाणपत्र नम्बर | कित्ता | क्रम संख्या | | कैफियत/DRN |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |

**निवेदकको :**

दस्तखत :-
नाम, थर :-
हितग्राही खाता नम्बर :-
ठेगाना :-
फोन/मोबाईल नं. :-

**संलग्न गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) मृत्यु दर्ताको प्रमाणपत्र प्रतिलिपि,
(२) मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,
(३) हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(४) नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि;
(५) अन्य हकवालाको मन्जुरीनामा,

---

द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।

CDS and Clearing Ltd